नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
**(मानवश्रोत एवं प्रशासन विभाग, भर्ना छनौट महाशाखा)**
नक्साल, काठमाण्डौं।

## प्रहरी जवान (जनपद) पदको पाठ्यक्रम

**परीक्षाको किसिम**

| क्र.सं. | चरण | विवरण | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|
| १. | प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा | - | - |
| | | शारीरिक तन्दुरुस्ती परीक्षा | १०० | ४० |
| २. | दोस्रो चरण | विस्तृत स्वास्थ्य परीक्षण परीक्षा | - | - |
| ३. | तेस्रो चरण | लिखित परीक्षा | १०० | ४० |
| ४. | चौथो चरण | अन्तर्वार्ता परीक्षा | २० | - |

**१. प्रथम चरण**

- प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा: प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६९ को अनुसूची–६ बमोजिम लिने।
- शारीरिक तन्दुरुस्ती परीक्षा

| ईभेन्टस् | ३०० मि.दौड | लङ जम्प | हाई जम्प | सिट अप | पुस अप | चिन अप | ३.२ कि.मी. (२ माईल) दौड | जम्मा अंक |
|---|---|---|---|---|---|---|---|---|
| **पूर्णाङ्क** | २० | १० | १० | १० | १० | १० | ३० | १०० |
| **उत्तीर्णाङ्क** | ८ | ४ | ४ | ४ | ४ | ४ | १२ | ४० |

**नोटः–**

- शारीरिक तन्दुरूस्ती परीक्षाको अंकभार परिशिष्ट (क) बमोजिम हुनेछ।
- कुनै पनि ईभेन्टमा अनुत्तीर्ण हुने उम्मेदवारलाई सो भन्दा पछि हुने ईभेन्टमा सहभागी गराईने छैन।

**२. दोस्रो चरण**

विस्तृत स्वास्थ्य परीक्षण परीक्षा:

- प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६९ को अनुसूची–८ बमोजिम नेपाल प्रहरीको मेडिकल टिमले लिने।

## ३. तेस्रो चरण

लिखित परीक्षाको पाठ्यक्रम:

- प्रहरी जवान (जनपद) पदको लिखित परीक्षाको पाठ्यक्रम प्रहरी नियामावली, २०७१ (संशोधन सहित) को अनुसूची-३ को प्रकरण ३ (ख) मा व्यवस्था भए बमोजिमको न्युनतम योग्यतालाई मध्यनजर राखि सामुदायिक विद्यालयको कक्षा आठको पाठ्यक्रममा आधारित छ।

**पूर्णाङ्क: १००**

**उत्तीर्णाङ्क: ४०** **समय: २ घण्टा**

### लिखित परीक्षा योजना

| खण्ड | विषय | पूर्णाङ्क | उत्तिर्णाङ्क | अङ्कभार | परीक्षा प्रणाली र प्रश्न संख्या | समय |
|---|---|---|---|---|---|---|
| 'क' | नेपाली रचना | १०० | ४० | २० | विषयगत<br>नेपाली लेखन<br>(२ प्रश्न × ५ अङ्क = १०)<br>नेपाली व्याकरण<br>(५ प्रश्न × २ अङ्क = १०) | १ घण्टा ३० मिनेट |
| 'ख' | अंग्रेजी | | | १५ | विषयगत<br>(५ प्रश्न × ३ अङ्क = १५) | |
| 'ग' | गणित | | | २५ | विषयगत<br>(५ प्रश्न × ३ अङ्क = १५)<br>(५ प्रश्न × २ अङ्क = १०) | |
| 'घ' | सामान्य ज्ञान, प्रहरी सेवा र बौद्धिक परीक्षा | | | ४० | वस्तुगत वहुउत्तर प्रश्न (MCQs)<br>सामान्य ज्ञान<br>(२० प्रश्न ×१ अङ्क = २०)<br>प्रहरी सेवा<br>(१० प्रश्न ×१ अङ्क = १०)<br>बौद्धिक परीक्षा (आई.क्यू.)<br>(१० प्रश्न ×१ अङ्क = १०) | ३० मिनेट |

## खण्ड "क" नेपाली – २० अङ्क

**१. नेपाली लेखन**

लामो उत्तर (२ प्रश्न × ५ अङ्क = १०)

(क) राष्ट्रिय गान

(ख) निबन्ध लेखन - आधारभूत तह (कक्षा ६-८) सम्मका लागि उपयुक्त हुने सरल प्रकारको कुनै दुई शीर्षक मध्ये एक विषयमा कम्तीमा १०० शब्द नघटाई निबन्ध लेखन।

(ग) चिठ्ठी वा निवेदन लेखन - आधारभूत तह (कक्षा ६-८) सम्मका लागि उपयुक्त हुने सरल प्रकारको कार्यालय प्रयोजनको लागि चिठी वा निवेदन लेखन।

**२. नेपाली व्याकरण**

छोटो उत्तर (५ प्रश्न × २ अङ्क (१+१) = १०)

(क) सामान्य नेपाली व्याकरण (नाम, सर्वनाम, करण, अकरण र लिङ्ग परिवर्तन) सम्बन्धी सामान्य जानकारी

(ख) शब्दार्थ – (प्रचलित नेपाली शब्दको अर्थ)

(ग) वाक्यमा प्रयोग – (प्रचलित शब्दको वाक्यमा प्रयोग)

(घ) विपरीतार्थक शब्द – (प्रचलित शब्दको बिपरित अर्थ)

(ङ) शुद्ध लेखन– (अशुद्ध गरि लेखिएको सामान्य किसिमको वाक्यलाई शुद्ध गरि लेख्ने)

## खण्ड "ख" अंग्रेजी– १५ अङ्क

Basic skill and knowledge in English (५ प्रश्न × ३ अङ्क (१+१+१) = १५)

a. Translation English to Nepali and Nepali to English (Simple Sentences-Simple present tense with 3 to 5 words)

b. Word Meaning

c. Matching different words according to their suitable words/groups

d. Spelling Writing (Two and three digit numbers)

e. Singular/Plural (Simple word)

## खण्ड "ग" गणित– २५ अङ्क

**१. प्रथम खण्ड** (५ प्रश्न ×३ अङ्क (१.५+१.५) = १५)

(क) जोड (ठाडो/तेर्सो तीन अंक सम्मको)

(ख) घटाउ (ठाडो/तेर्सो तीन अंक सम्मको)

(ग) गुणन (दुई अंक सम्मको)

(घ) भाग (दुई अंक सम्मको)

(ङ) अंक र अक्षरमा लेखन (चार अंक सम्मको)

**२. द्वितिय खण्ड** (५ प्रश्न ×२ अङ्क = १०)

(क) सरलीकरण (जोड, घटाउ, गुणन र भागको प्रयोग गरेर हल गर्न मिल्ने सामान्य किसिमको सरल)

(ख) गणितीय शाब्दिक समस्या (जोड, घटाउ, गुणन र भागको प्रयोग गरेर हल गर्न मिल्ने सामान्य किसिमको गणितीय शाब्दिक समस्या)

## खण्ड "घ" सामान्य ज्ञान, सेवा सम्बन्धी तथा बौद्धिक परीक्षण – ४० अङ्क

### सामान्य ज्ञान

(२० प्रश्न × १ अङ्क = २०)

(क) नेपालको इतिहास सम्बन्धी सामान्य जानकारी

- ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले नेपालका महत्वपूर्ण स्थलहरु।
- नेपालको आधुनिक इतिहास।

(ख) नेपालको भूगोल सम्बन्धी सामान्य ज्ञान

- क्षेत्रफल, सिमाना, भौगोलिक र राजनैतिक (संघ, प्रदेश र स्थानीय) विभाजन ।
- नदी तथा हावापानीको आधारमा नेपाललाई विभाजन।
- नेपालका प्रमुख शिखर, नदी, ताल, कुण्ड, भन्ज्याङ्ग र झरनाहरु।
- नेपालमा पाईने बन तथा बनस्पति।
- संरक्षित जनावर तथा जडिबुटी।
- नेपालका राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र।

(ग) नेपालमा प्रचलित धर्म, भाषा, संस्कृति जातजाती र जनसंख्या सम्बन्धी ज्ञान

(घ) नेपालको वर्तमान संविधान – (जारी मिति, भाग, धारा र अनुसूची संख्या)

**(आ) नेपाल प्रहरी सम्बन्धी सामान्य जानकारी** (१० प्रश्न × १ अङ्क = १०)

- नेपाल प्रहरीको कार्यालयहरु सम्बन्धी।
- नेपाल प्रहरीको पद तथा दर्जा सम्बन्धी।
- प्रहरी नियमावली, २०७१ को प्रहरी कर्मचारीको काम कर्तव्य सम्बन्धी (नियम ६६), विदा सम्बन्धी (परिच्छेद ८), आचरण सम्बन्धी (परिच्छेद ९), प्रहरी जवान पदको लागी आवश्यक न्यूनतम योग्यता (अनुसूची–३ को प्रकरण ३)।
- ट्राफिक सम्बन्धी – (ट्राफिक चिन्ह, सडक संकेत र ट्राफिक नियम)।

(च) महत्वपूर्ण समसामयिक राष्ट्रिय घटनाहरु जस्तैः आर्थिक, सामाजिक, राजनैतिक, खेलकूद र मानवअधिकार ।

**(इ) बौद्धिक परीक्षण (आई.क्यू.)** (१० प्रश्न × १ अङ्क = १०)

- शाव्दिक अनुक्रम, समरुपता, वर्गीकरण, कोडिङ – डिकोडिङ, मिल्दो नमिल्दो छुट्टयाउने, दिशा र दुरी ज्ञान सम्बन्धी परीक्षण

### ४. चौथो चरण

अन्तर्वार्ता परीक्षा

- प्रहरी नियमावली (संशोधन सहित), २०७१ को नियम (१६) र प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६९ को अनुसूची–१८ बमोजिम हुने।

**द्रष्टव्यः यो पाठ्यक्रम मिति २०७६/०४/३० गते पश्चात लागू हुनेछ।**

# परिशिष्ट–(क)

## प्रहरी जवान (जनपद) पदको शारीरिक तन्दुरुस्ती परीक्षाको अंकभार

| ईभेन्ट्स | ३०० मि.दौड | लङ जम्प | हाई जम्प | सिट अप | पुस अप | चिन अप/ पुलअप | ३.२ कि.मी. (२ माईल) दौड | जम्मा अंक |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | २० | १० | १० | १० | १० | १० | ३० | १०० |
| उत्तीर्णाङ्क | ८ | ४ | ४ | ४ | ४ | ४ | १२ | ४० |

**नोटः**- कुनै पनि ईभेन्टमा अनुत्तीर्ण हुने उम्मेदवारलाई सो भन्दा पछि हुने ईभेन्टमा सहभागी गराईने छैन।

### (१) ३०० (तीन सय) मिटर दौड

| क्र.सं. | पुरुषको लागि समयावधि | पुरुष/महिला अंकः २०.०० | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १. | ४५ सेकेण्ड वा सो भन्दा कम | २०.०० | ५५ सेकेण्ड वा सो भन्दा कम |
| २. | ४७ सेकेण्ड सम्म | १८.०० | ५७ सेकेण्ड सम्म |
| ३. | ४९ सेकेण्ड सम्म | १६.०० | ५९ सेकेण्ड सम्म |
| ४. | ५१ सेकेण्ड सम्म | १४.०० | ६१ सेकेण्ड सम्म |
| ५. | ५३ सेकेण्ड सम्म | १२.०० | ६३ सेकेण्ड सम्म |
| ६. | ५४ सेकेण्ड सम्म | १०.०० | ६५ सेकेण्ड सम्म |
| ७. | **५६ सेकेण्ड भित्र सम्म** | **८.००** | **६७ सेकेण्ड भित्र सम्म** |
| ८. | ५६ सेकेण्ड भन्दा बढी | अनुत्तीर्ण | ६७ सेकेण्ड भन्दा बढी |

### (२) लङ जम्प

| क्र.सं. | पुरुषको लागि दुरी | पुरुष/महिला अंकः १०.०० | महिलाको लागि दुरी |
|---|---|---|---|
| १. | १५ फिट सम्म वा सोभन्दा माथि | १०.०० | १२ फिट सम्म वा सोभन्दा माथि |
| २. | १४ फिट सम्म | ८.५० | ११ फिट सम्म |
| ३. | १३ फिट सम्म | ७.०० | १० फिट सम्म |
| ४. | १२ फिट सम्म | ५.५० | ९ फिट सम्म |
| ५. | **११ फिट सम्म** | ४.०० | **८ फिट सम्म** |
| ६. | ११ फिटसम्म पनि गर्न नसके | अनुत्तीर्ण | ८ फिटसम्म पनि गर्न नसके |
| तिन पटकसम्म प्रयास गर्न पाउने | | | |

### (३) हाई जम्प

| क्र.सं. | पुरुषको लागि उचाई | पुरुष/महिला अंकः १०.०० | महिलाको लागि उचाई |
|---|---|---|---|
| १. | ४.५ फिट सम्म | १०.०० | ३.५ फिट सम्म |
| २. | ४ फिट सम्म | ८.०० | ३ फिट सम्म |
| ३. | ३.५ फिट सम्म | ६.०० | २.५ फिट सम्म |
| ४. | **३ फिट सम्म** | ४.०० | **२ फिट सम्म** |
| ५. | ३ फिटसम्म पनि गर्न नसके | अनुत्तीर्ण | २ फिटसम्म पनि गर्न नसके |
| तिन पटकसम्म प्रयास गर्न पाउने | | | |

अप

| क्र.सं. | पुरुषको लागि पटक | पुरुष/महिला अंक: १०.०० | महिलाको लागि पटक |
|---|---|---|---|
| १. | २० पटक वा सो भन्दा माथि | १०.०० | १५ पटक वा सो भन्दा माथि |
| २. | १८ पटक सम्म | ८.०० | ११ पटक सम्म |
| ३. | १५ पटक सम्म | ६.०० | ८ पटक सम्म |
| ४. | **१२ पटक सम्म** | ४.०० | **५ पटक सम्म** |
| ५. | १२ पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ५ पटक सम्म पनि गर्न नसक्ने |

**(५) पुस अप**

| क्र.सं. | पुरुषको लागि पटक | पुरुष/महिला अंक: १०.०० | महिलाको लागि पटक |
|---|---|---|---|
| १. | २० पटक वा सो भन्दा माथि | १०.०० | १४ पटक वा सो भन्दा माथि |
| २. | १७ पटक सम्म | ८.०० | ११ पटक सम्म |
| ३. | १४ पटक सम्म | ६.०० | ८ पटक सम्म |
| ४. | **१० पटक सम्म** | ४.०० | **४ पटक सम्म** |
| ५. | १० पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ४ पटक सम्म पनि गर्न नसक्ने |

**(६) चिनअप/पुलअप**

| क्र.सं. | पुरुषको लागि पटक | पुरुष/महिला अंक: १०.०० | महिलाको लागि पटक |
|---|---|---|---|
| १. | १२ पटक वा सो भन्दा माथि | १०.०० | ३ पटक वा सो भन्दा माथि |
| २. | १० पटक सम्म | ८.०० | २ पटक सम्म |
| ३. | ८ पटक सम्म | ६.०० | १ पटक सम्म |
| ४. | **५ पटक सम्म** | ४.०० | **३० सेकेण्ड सम्म झुण्डिन सक्ने** |
| ५. | ५ पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ३० सेकेण्ड सम्म पनि झुण्डिन नसक्ने |

**(७) ३.२ कि.मि. (२ माईल ) दौड**

| क्र.सं. | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक: ३०.०० | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १. | १४ मिनेट वा सो भन्दा कम | ३०.०० | १८ मिनेट वा सो भन्दा कम |
| २. | १५ मिनेट सम्म | २६.०० | १९ मिनेट सम्म |
| ३. | १६ मिनेट सम्म | २०.०० | २० मिनेट सम्म |
| ४. | १७ मिनेट सम्म | १६.०० | २१ मिनेट सम्म |
| ५. | **१८ मिनेट भित्र सम्म** | **१२.००** | **२२ मिनेट भित्र सम्म** |
| ६. | १८ मिनेट भन्दा बढी | अनुत्तीर्ण | २२ मिनेट भन्दा बढी |

# प्रहरी जवान (जनपद) पदको लिखित परीक्षाको नमुना प्रश्नपत्र-२०७६

१००

:- ४०

समय: २ घण्टा

## खण्ड-"क" नेपाली-२० अङ्क

**१. प्रश्नको उत्तर दिनु होस् ।** लामो उत्तर (२ प्रश्न × ५ अंक = १०)

क. नेपालको राष्ट्रिय गान लेख्नुहोस् ।

ख. तपाईंको गाउँ/टोलमा हिजो आज चोरीका घटना बढीरहेको सन्दर्भमा प्रहरी गस्ती बढाइ दिनु हुन भनि नजिकको प्रहरी कार्यालयलाई सम्वोधन गरि निवेदन लेख्नुहोस् । (आफ्नो नाम ठेगानाको स्थानमा (A) लेख्नुहोस् ।

**२. उत्तर लेख्नुहोस ।** छोटो उत्तर (५ प्रश्न × २ अंक (१+१) = १०)

(क) नाम सर्वनाम छुट्याउनुहोस् — (अ) पुस्तक (आ) हामी

(ख) लिङ्ग परिवर्तन गर्नुहोस — (अ) बाख्रा (आ) लोग्ने

(ग) विपरीत शब्द लेख्नुहोस — (अ) दुर्गम (आ) राम्रो

(घ) वाक्य बनाउनुहोस — (अ) पुस्तक (आ) विक्री

(ङ) करण/अकरण परिवर्तन गर्नुहोस । — (अ) तिनीहरु खाना खान्छन् । (आ) म घर जान्न ।

(च) शब्दको अर्थ लेख्नुहोस । — (अ) प्राचिन (आ) मकुण्डो

(छ) शुद्ध गरि लेख्नुहोस । — (अ) मेरो अछयर रामरो छैन । मलाइ यो शंसार शुन्दर लाग्छ ।

## खण्ड-"ख" अंग्रेजी-१५ अङ्क

**Answer the question** (५ प्रश्न × ३ अंक = १५)

1. Translate the following. (3×1=3)
   नेपाल सुन्दर छ । (Translate into English)
   I read in class nine. (नेपालीमा उल्था गर्नुहोस)
   I can play football. (नेपालीमा उल्था गर्नुहोस)

2. Write the spelling of given number. (3×1=3)
   (a) 21 (b) 50 (c) 110

3. Write the meaning of the following words in Nepali. (3×1=3)
   (a) Police (b) Game (c) Money

4. Match the words with their meanings. (3×1=3)

| | |
|---|---|
| Nepal | (1) Suger |
| Tea | (2) Tap |
| Water | (3) Country |

5. Change singular to plural / plural to singular (3×1=3)
   (a) book (b) man (c) hen

## खण्ड-"ग" गणित -२५ अङ्क

**१. प्रथम खण्ड** (५ प्रश्न ×३ अंक = १५)

**(क) हल गर्नुहोस् ।**

**(अ) जोड गर ।** (१.५+१.५) अंक
(ख) ३६ + २७
(ग) ९०४ + ३९.४

**(आ) घटाउ गर ।** (१.५+१.५) अंक
(क) ३७ − २८
(ख) ३७९ − २८५

**(इ) गुणान गर ।** (१.५+१.५) अंक
(क) ८७ × २०
(ख) २५ × ९

**(ई) भाग गर ।** (१.५+१.५) अंक
(क) ९६÷३
(ख) ८८÷११

**(उ)** तलका अक्षरलाई अंकमा र अंकलाई अक्षरमा लेख्नुहोस् । (१.५+१.५) अंक
(क) तीन हजार नौ सय उनान्असी । (ख) ५६४

**२. द्वितीय खण्ड** (५ प्रश्न ×२ अंक = १०)

**(क) हल गर्नुहोस् ।**

(अ) २०÷५×३+१९-२८

(आ) हरीले बजारबाट एउटा कलमलाई ५० रुपैया र कापीलाई ३५ रुपैया किन्यो भने उसले जम्मा कति रुपैयाको सामान किन्यो ?

(इ) करणले एउटा साईकल रु १५०० मा किनी हरीलाई रु १२०० मा बेच्यो भने उसलाई कति रुपैया घाटा भयो ?

(ई) एक किलो सुन्तलाको मुल्य ८० पर्छ भने ५ किलो सुन्तलाको मुल्य कति पर्ला ?

(उ) २ किलो चामलको मुल्य रु २२० पर्दछ भने एक किलो चामलको मुल्य कति पर्दछ ?

**खण्ड-"घ" सामान्य ज्ञान, प्रहरी सेवा र बौद्धिक परीक्षण (I.Q.)** (४० प्रश्न × १ अंक = ४०)

**... ज्ञान** (२० प्रश्न × १ अंक = २०)

(१) नेपालको वर्तमान राष्ट्रिय गानको संगितकार को हुन ?
(क) नातिकाजि (ख) अम्बर गुरुङ (ग) शम्भुजित बास्कोटा (घ) न्युह बज्राचार्य

(२) गौतम बुद्धको जन्मस्थल कहाँ हो ?
(क) कपिलवस्तु (ख) नवलपरासी (ग) रुपन्देही (घ) काठमाण्डौ

(३) २०७२ साल वैशाख १२ गतेको महा-भुकम्पको केन्द्रविन्दु कुन जिल्लामा रहेको थियो ?
(क) सिन्धुपाल्चोक (ख) गोरखा (ग) नुवाकोट (घ) रसुवा

(४) नेपालको संविधानमा कति प्रदेशको संघीय संरचनाको व्यवस्था छ ?
(क) ५ (ख) ६ (ग) ७ (घ) ८

(५) प्रसिद्ध रारा ताल कुन जिल्लामा पर्दछ ?
(क) मुगु (ख) डोल्पा (ग) हुम्ला (घ) जुम्ला

(६) तलका मध्ये नेपालसँग सिमाना नजोडिएको देश कुन हो ?
(क) चीन (ख) भारत (ग) भुटान (घ) माथीका सबै

(७) नेपालको अन्तिम राणा प्रधानमन्त्री को हुन् ?
(क) वीर शम्सेर (ख) चन्द्र शम्सेर (ग) जुद्ध शम्सेर (घ) मोहन शम्सेर

(८) काठमाण्डौ उपत्यकाको स्थापना कसले गरेका हुन् ?
(क) पृथ्वीनारायण शाह (ख) मञ्जुश्री (ग) मानदेव (घ) महेन्द्रमल्ल

(९) "न्याय नपाए गोरखा जानु" कसको भनाई हो ?
(क) द्रव्य शाह (ख) नर भुपाल शाह (ग) राम शाह (घ) पृथ्वी नारायण शाह

(१०) नेपालको वर्तमान संविधानमा कति भाग र कति धारा रहेको छ ?
(क) ३५ भाग ३०८ धारा (ख) ३० भाग ३०८ धारा (ग) ३५ भाग ३०६ धारा (घ) ३५ भाग ३०७ धारा

(११) क्षेत्रफलको हिसाबले नेपालको ठुलो जिल्ला कुन हो ?
(क) हुम्ला (ख) काठमाण्डौ (ग) डोल्पा (घ) झापा

(१२) कर्णाली अञ्चलमा कति जिल्लाहरु छन् ?
(क) ४ (ख) ५ (ग) ६ (घ) ३

(१३) नेपालको अग्लो हिमशिखर कुन हो ?
(क) सगरमाथा (ख) ल्होत्से (ग) कञ्चनजंघा (घ) मकालु

(१४) नेपालको कुल क्षेत्रफल कति छ ?
(क) १४७१८१ वर्ग कि.मी. (ख) १४११४७ वर्ग कि.मी. (ग) १४७१४१ वर्ग कि.मी. (घ) १४४१८१ वर्ग कि.मी.

(१५) प्रहरी दिवस कहिले पर्दछ ?
(क) भदौ मसान्त (ख) असोज मसान्त (ग) भदौ ३० गते (घ) असोज २९ गते

(१६) शाह वंशीय अन्तिम राजा को थिए ?
(क) ज्ञानेन्द्र शाह (ख) पृथ्वी नारायण शाह (ग) गोपाल शाह (घ) भुपाल शाह

(१७) बिमल घर्तीमगर कुन खेलसँग सम्बन्धित छन् ?
(क) फुटबल (ख) भलिबल (ग) क्रिकेट (घ) तेक्वान्दो

(१८) नेपालमा कति प्रकारको हावापानी पाईन्छ ?
(क) ३ (ख) ५ (ग) ४ (घ) ७

(१९) तलका मध्यें संरक्षित पंक्षी कुन होईन ?
(क) डाँफे (ख) मुनाल (ग) चील (घ) काग

(२०) बहुमूल्य जडिबुटी "यार्सागुम्बा" नेपालको कुन भागमा पाईन्छ ?
(क) पहाडी (ख) हिमाली (ग) तराई (घ) भित्री मधेश

**(आ) प्रहरी सेवा** (१० प्रश्न × १ अंक = १०)

(१) प्रहरी जवान (जनपद) पदमा भर्ना हुन न्यूनतम कति बर्षको उमेर हुनु पर्छ ?
(क) १७ वर्ष (ख) १८ वर्ष (ग) १९ वर्ष (घ) २० वर्ष

(२) प्रहरी जवान बढुवा पश्चात कुन दर्जामा पुग्दछ ?
(क) प्रहरी नायब निरीक्षक (ख) प्रहरी सहायक निरीक्षक (ग) प्रहरी हवल्दार (घ) प्रहरी निरीक्षक

(३) प्रहरी प्रधान कार्यालय कुन ठाउँमा पर्दछ ?
(क) काठमाण्डौं (नक्साल) (ख) काठमाण्डौं (बानेश्वर) (ग) पोखरा (पृथ्वीचोक) (घ) विराटनगर (रानी)

(४) ट्राफिक लाईट रातो बल्दा सवारी चालकले के गर्नु पर्दछ ?
(क) रोक्नु पर्दछ (ख) चलाउनु पर्दछ (ग) दाँया मोड्नु पर्दछ (घ) बाँया मोड्नु पर्दछ

(५) जेब्रा क्रसिङ भन्नाले के बुझ्नु हुन्छ ?
(क) पैदल यात्रीले बाटो काट्ने ठाउँ (ख) सवारी पार्किङ स्थल (ग) यात्रु-चढाउने स्थल (घ) सवारी रोक्ने स्थल

(६) खुकुरी डण्डा क्रस माथि एक तारा प्रहरीको कुन दर्जा हो ?
(क) प्रहरी निरीक्षक (ख) प्रहरी वरिष्ठ उपरीक्षक (ग) प्रहरी नायब उपरीक्षक (घ) प्रहरी उपरीक्षक

री जवानले कुन कार्यालयमा काम गर्नु पर्दछ ?

) जिल्ला प्रहरी कार्यालय (ख) प्रदेश प्रहरी कार्यालय (ग) प्रहरी चौकी (घ) माथिका सबै

(८) तलको मध्ये कुन चाहीं प्रहरी आचरण भित्र पर्दैन ?

(क) गर्जनिनमा भाग लिन नहुने (ख) बहु-विवाह गर्न नहुने (ग) व्यापार व्यवसाय गर्न नहुने (घ) जनतासँग अन्र्तक्रिया गर्न नपाइने

(९) नेपाल प्रहरीमा श्रेणी विहिन पद भन्नाले कुन पदलाई जनाउँदछ ?

(क) प्रहरी कार्यालय सहयोगी (ख) प्रहरी हवल्दार (ग) प्रहरी जवान (घ) प्रहरी सहायक निरीक्षक

(१०) नेपाल प्रहरीमा कति किसिमका बिदाहरु पाइने प्रावधान छ ?

(क) आठ (ख) चार (ग) पाँच (घ) छ

**बौद्धिक परीक्षण (I.Q.)** (१० प्रश्न × १ अङ्क=१०)

(१) समूहमा नमिल्ने छुट्याउनुहोस् ?

(क) कलम (ख) कापी (ग) मसी (घ) पानी

(२) उत्तर दिशातर्फ फर्केर उभिदा आफ्नो बाँया तर्फ कुन दिशा हुन्छ ?

(क) पश्चिम (ख) पूर्व (ग) उत्तर (घ) दक्षिण

(३) यदि घरलाई वन भनिन्छ, वनलाई घर भनिन्छ भने मानिस कहाँ बस्दछन् ?

(क) वन (ख) घर (ग) ओडार (घ) बारी

(४) ३, ५, ७, ........ ? (खाली ठाउँ भर)

(५) CAT लाई ३१२० ले जनाइन्छ भने BAG लाई कसले जनाइन्छ ?

(क) २१७ (ख) १५७ (ग) २७१ (घ) २१८

(६) उत्तरतिर फर्केर चरिरहेको गाईको पुच्छर कतातिर फर्केको हुन्छ ?

(क) दक्षिण (ख) पश्चिम (ग) उत्तर (घ) भुईंतिर

(७) रामको घरबाट श्यामको घर जान ४ कि.मी. टाढा छ भने श्यामको घरबाट रामको घर जान कति टाढा होला ?

(क) ७ कि.मी. (ख) ८ कि.मी. (ग) ४ कि.मी. (घ) ६ कि.मी.

(८) मोरङको विराटनगर जस्तै कास्कीको के हुन्छ ?

(क) पोखरा (ख) फेवा (ग) गण्डकी (घ) माछापुच्छ्रे

(९) हात्तीको तबेला हुन्छ भने गाईको के हुन्छ ?

(क) गुँड (ख) गोठ (ग) खोर (घ) घर

(१०) कुनै लहरमा हरी अगाडि र पछाडि दुवै तर्फबाट नवौं स्थानमा रहेछ भने त्यस लहरमा जम्मा कति जना मानिस थिए ?

(क) १९ (ख) १८ (ग) १७ (घ) १६

"समाप्त"